**आयोगको २५ औं दिवसको अवसरमा आयोगका माननीय सदस्य श्री डा. श्री लीली थापाज्यूले दिनुभएको स्वागत मन्तव्य**

आजको कार्यक्रमको सभाध्यक्षता गरिरहनु भएको राष्ट्रिय मानव अधिकार आयोगको माननीय अध्यक्षज्यू,

संवैधानिक निकायका माननीय अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु, उपस्थित सबै विशिष्ट अतिथीज्यूहरु, UNDP का प्रतिनिधीज्यू,

निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका उच्चपदस्थ राष्ट्रसेवकहरु, गैरसरकारी संस्था महासंघका अध्यक्ष, मानव अधिकार महाभेलाका संयोजक, नागरीक समाज, गैरसरकारी संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी र सञ्चारकर्मीमित्रहरु....

- आज हामी न्याय, सम्मान तथा मानव अधिकारको सर्म्वद्धनका लागि स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले २५ औं बसन्त पार गरेको उपलक्ष्यमा यहाँ उपस्थित सबै विशिष्ट अतिथीज्यूहरुप्रति आज यो ऐतिहासिक अवसरमा यहाँहरु सबैमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।
- आज हामी महत्वपूर्ण मोडमा उभिएका छौं ।
- राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाको २५ औं वार्षिकोत्सव । यो केवल एउटा संस्थाको वार्षिकोत्सव मात्र होइन ।
- यो संस्था न्यायको लागि आवाज, पीडितहरुको आशा, भरोसा र संविधानमा उल्लेखित हाम्रा मौलिक अधिकारहरुको प्रतिवद्धताको उत्सव पनि हो ।
- २५ वर्षको यात्रामा आयोगले अनेक चुनौतीका बीच पनि सत्य, न्याय र मानव अधिकारको संरक्षण, प्रवर्द्धनमा आफ्नो मानव अधिकारको धर्म निर्वाह गरिरहेको छ भन्ने कुरामा यहाँहरु सबैलाई अवगत नै छ ।

- द्वन्द्वकालिन अवस्थामा, द्वन्द्वकालदेखी शान्ति प्रकृयासम्म, संविधान निमार्णदेखी लोकतान्त्रिक, गणतान्त्रिक उतार चढावसम्म, आयोगले Human Centric भएर कुनै वाद, प्रतिवाद नभनी सदैव मानव अधिकारको संरक्षणमा लागेको कुरा यहाँ उपस्थित धेरैलाई थाहा नै छ र यी कुराहरुको जानकारीको लागि आयोगले आफ्नो कार्यस्थलमा शुरुवातदेखी अहिलेसम्म गरेका Milestone लाई प्रत्यक्ष बुझ्नेगरी Visual Documentation मा स्थापना गरेको कुरालाई पनि जानकारी गराउन चाहान्छु ।
- आयोगले मार्ग परिवर्तन कहिल्यै गरेन । यो केवल एउटा संस्थागत सफलता मात्र होइन, यो हाम्रो राष्ट्रको लाखौं नागरिकहरुको अधिकारको गाथा पनि हो ।
- तर हामी आज यति मात्र भन्नु पर्याप्त छैन । हामीले यर्थाथ पनि स्वीकार गर्नु पर्छ ।
- आयोगको Mandate अनुसारका हजारौंका न्यायको लागि गरिएका सिफारिसहरुलाई सरकारले वेवास्ता गरेको अवस्था छ ।
- हामी सबै प्रष्ट छौं यहाँ जब न्याय विलम्ब हुन्छ, Impunity मौलाउछ । Impunity ले Corruption बढाउछ र पीडितहरुलाई मौन रहन बाध्य (Culture of Silence) बनाउछ र राज्य प्रति नागरिकको भरोसा टुट्छ ।
- आज, सम्माननीयज्यूको उपस्थितीमा नै यो कुरा राख्ने चाहना हुँदाहुदै पनि अन्तिममा उहाँको व्यस्तताले उपस्थीत हुन नसक्ने भन्ने कुराले पनि राज्य मानव अधिकारप्रति कति उदासीन छ भन्ने प्रष्ट हुन्छ ।
- आज यहाँ सबैको अगाडी राज्यको भरोसा टुट्न नदीन Impunity लाई मौलाउन नदीन आयोगले न्यायको लागि गरिएका सिफारिसहरुलाई नेपाल सरकारले ऐतिहासीक निर्णय गर्नुहुन पनि सादर अनुरोध पनि गर्न चाहान्छु ।
- सर्वस्व लुटेर, गुमाएर, बलात्कृत भएर, हिंसामा परेर, मानसिक दबाबमा परेर, शक्तिको चरम दुरुपयोगमा परेर आयोगको ढोकामा न्यायको लागि आएकाहरुको हक अधिकारको लागि, नेपालको संविधानको धारा २४९ को उपधारा २ को ज मा उल्लेखीत मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक

गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने व्यवस्था अनुरुप, सिफारिस कार्यान्वयन नगर्नेहरुलाई मानव अधिकार उल्लंघनकर्तामा दायर गर्न पनि आयोग अब सक्रिय रुपले अगाडी आउने पनि प्रष्ट पार्न चाहन्छु ।

- मलाई आशा छ यो अवस्था आउन नदिन नेपाल सरकार र सम्बन्धीत निकायले अवश्य पनि यस विषयको गाम्भीरयतालाई मनन् गर्नुहुनेछ ।
- TRC गठन प्रकृयामा सरकारले गरेको पहलको लागि धन्यवाद पनि भन्न चाहन्छौं तर प्रतिकुलताको अवस्थामा बाहिर जे जस्ता प्रचार भएतापनि आयोगले संविधान, ऐन कानून सम्मत रहेर आफ्नो भुमिकालाई निभाएको कुरा पनि म प्रष्ट पार्न चाहन्छु ।
- राष्ट्रिय मानव अधिकार आयोग १५ गते हुने विभिन्न राजनैतीक पार्टिका आन्दोलनलाई शान्ति पूर्वक संचालन गरेर नागरीकको सुरक्षा तथा शान्तिको लागि सबै सम्बन्धीत निकायलाई ध्यानाकर्षण पनि गराउन चाहन्छौं ।
- अन्त्यमा आज २५ औं स्थापना दिवसमा हामी सबैको आत्म समिक्षा गर्ने अवसर पनि हो । राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा मानव अधिकारको छबी एउटा उत्तरदायित्व, समावेशी र न्यायमूलक समाज निमार्ण गर्न आयोग सर्दैव यहाँहरुको साथ, सर्मथन र समपर्णको लागि आह्वान गर्दै फेरी पनि स्वागत गर्दै बिदा हुन्छु ।

॥। धन्यवाद ॥।